# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड

## पन्ध्रौं वार्षिक साधारणसभाको विवरण (माइन्युट)

१) **वैधानिक सभा :**

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को मिति २०६९ फाल्गुण १८ गते बसेको ३७१औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको पन्ध्रौं वार्षिक साधारण सभा, सञ्चालक समितिका अध्यक्ष श्री पृथ्वीराज लिगलज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२) **सभाको स्थान, मिति र समय :**

स्थान : होटल निर्वाणाको सभाहल, पक्लिहवा रोड, सिद्धार्थनगर, रुपन्देही, नेपाल ।
मिति : २०६९ चैत्र २९ गते, बिहीबार (April 11, 2013)
समय : बिहान १०.०० बजे

३) **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बैंकको सञ्चालक समितिको मिति २०६९ फाल्गुण १८ गते बसेको ३७१औं सञ्चालक समितिको बैठकको निर्णय बमोजिम मिति २०६९ फाल्गुण २१ गते राष्ट्रिय आर्थिक दैनिक कारोवार पत्रिका, २०६९ साल चैत्र १९ गते सोमबारको नेपाल समाचार पत्र दैनिक पत्रिका र २०६९ चैत्र २८ गते बुधबार बुटवल, भैरहवाबाट प्रकाशित हुने दैनिक पत्र पत्रिकामा सूचना प्रकाशित गरी २०६९ चैत्र २९ गते, बिहीबार पन्ध्रौं वार्षिक साधारण सभा बोलाइएको र शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा वार्षिक साधारण सभाको सूचना तथा बैंकको आ.व.२०६८/६९ को संक्षिप्त वार्षिक आर्थिक विवरण (सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण) पठाईएको र उक्त विवरणहरु शेयरधनीहरुको जानकारीको लागि बैंकको वेभ-साइटमा राखिएको जानकारी कम्पनी सचिवले गराउनु भयो ।

४) **सभाको विषय सूची :**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको पन्ध्रौं वार्षिक प्रतिवेदन ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०६९ आषाढ मसान्तसम्मको वासलात, सो मितिमा समाप्त आर्थिक वर्ष २०६८/६९ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०६९/७० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. बैंकको नियमावली बमोजिम समूह 'ख' अन्तर्गत सर्वसाधारण शेयरधनीहरु मध्येबाट ३ जना संचालकहरुको निर्वाचन गर्ने ।

(ख) <u>विशेष प्रस्ताव:</u>

१. संचालक समितिबाट सिफारिश भई नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम चुक्ता पूँजीको ५% बोनस शेयर जारी गर्ने र सो बोनस शेयरमा लाग्ने कर वापत ०.२६% नगद लाभांश बिनियोजन गर्ने बारेको विशेष प्रस्ताव ।

२. बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव :

अ. पूँजी वृद्धि (प्रस्तावित बोनस शेयर जारी भए पश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम मिलान गर्ने ।)

आ. बैंकको नियमावलीको नियम ३१.१ (ग), (घ) र (ङ) संशोधन बारेको विशेष प्रस्ताव ।

३. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. तथा अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्ज) सम्बन्धी विशेष प्रस्ताव ।

अ. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्न र गाभिन (मर्जर गर्न) संचालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरी सो समितिले वा संचालक समितिले नै सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अगाडि बढाउन साधारण सभाबाट संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ. नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्वन्धी विनीयमावलीमा तोकिए बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने सम्बन्धी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी हस्तान्तरण गर्ने ।

४. बैंकको प्रबन्ध पत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंकले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समिति (वा समितिले तोकेको ब्यक्ति) लाई अधिकार दिने ।

(ग) **विविध**

५)	उपस्थिति :

(५.१) **सञ्चालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप) :**

| | |
|---|---|
| क) श्री पृथ्वीराज लिगल | अध्यक्ष |
| ख) श्री वेदमान सिंह मल्ल | सञ्चालक |
| ग) श्री बद्री नारायण मानन्धर | सञ्चालक |
| घ) श्री नारायणराज तिवारी | सञ्चालक |
| ङ) श्री तीर्थ प्रधान | सञ्चालक |
| च) श्री गोविन्द प्रसाद पराजुली | सञ्चालक |
| छ) श्री बासुदेव गिरी | सञ्चालक |

(५.२) **प्रमुख कार्यकारी अधिकृत**

क) श्री अमृत चरण श्रेष्ठ

(५.३) **पदाधिकारीहरुः**

| | |
|---|---|
| क) श्री कृष्ण गोपाल मानन्धर | प्रमुख ब्यापार अधिकृत |
| ख) श्री रमेश राज अर्याल | प्रमुख संचालन अधिकृत/कम्पनी सचिव |
| ग) श्री बन्दना पाठक | प्रमुख बजार अधिकृत |
| घ) श्री सन्दिप प्रसाद पाण्डे | शाखा प्रमुख, काठमाण्डौं मुख्य शाखा |
| ङ) श्री राजन प्रसाद खनाल | शाखा प्रमुख, सिद्धार्थनगर शाखा |
| च) श्री मेघनाथ पाण्डे | शाखा प्रमुख, बुटवल शाखा |
| छ) श्री सुदिप पन्थी | शाखा प्रमुख, लुम्बिनी शाखा |
| ज) श्री राजेश राज ढुङ्गेल | प्रमुख, आन्तरिक लेखा परीक्षण विभाग |
| झ) श्री मदन शाक्य | प्रमुख, शाखा संचालन तथा अनुपालना विभाग |
| ञ) श्री कविन्द्र दाहाल | प्रमुख वित्त अधिकृत |
| ट) श्री अमिता श्रेष्ठ | प्रमुख, सामान्य प्रशासन विभाग |
| ठ) श्री राजु बज्राचार्य | कर्जा असुली बिभाग |
| ड) श्री वेदनाथ पाहाडी | कानून बिभाग |
| ढ) श्री विश्वनाथ भट्टराई | शेयर विभाग |
| ण) श्री लीलामणि पौडेल | निर्वाचन अधिकृत |
| त) श्री बिजेन्द्र बहादुर न्ह्युच्छेप्रधान | प्रतिनिधि शेयर रजिष्ट्रार |
| थ) श्री धर्म राज खत्री | प्रतिनिधि शेयर रजिष्ट्रार |

(५.४) **शेयरधनीहरु :**

बिहान सभा शुरु हुने समयसम्ममा शेयरधनी महानुभावहरुको उपस्थिति निम्नानुसार रहेको छ ।

| | **संख्या** |
|---|---|
| स्वयं उपस्थित | ५७ |
| प्रतिनिधिद्वारा उपस्थित | १२३१ |
| **जम्मा** | १२८८ |

## ६) गणपुरक संख्याः

| शेयर तथा शेयरधनी | जम्मा शेयर कित्ता | स्वयं उपस्थित | | प्रोक्सी मार्फत | | जम्मा उपस्थित | कुल शेयर संख्याको प्रतिनिधित्व प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| | | संस्थापक | सर्वसाधारण | संस्थापक | सर्वसाधारण | | |
| श्री वेदमान सिंह मल्ल | | | | ३४३४८१८ | ९२६०३६ | ४३६०८५४ | ३१.१५ |
| श्री निर्मल प्रधान | | | | १०४९२७ | १९३४३१० | २०३९२३७ | १४.५७ |
| श्री निश्चल प्रधान | | | | ११४९७८५ | ५७५६८० | १७२५४६५ | १२.३२ |
| श्री नरेन्द्र भट्टराई | | | | १२७१९६२ | १२४३८ | १२८४४०० | ९.१७ |
| श्री रमेश राज अर्याल | | | | | १०५१५ | १०५१५ | ०.०८ |
| श्री नेपाल इन्स्योरेन्स क.लि. | | ५८२९०० | १५०० | | | ५८४४०० | ४.१७ |
| अन्य | | | ६९६५५ | | | ६९६५५ | ०.५० |
| **जम्मा शेयर** | १,४०,००,००० | ५८२९०० | ७११५५ | ५९६१४९२ | ३४५८९७९ | १०,०७४,५२६ | ७१.९६% |
| **जम्मा शेयरधनी** | | १ | ५६ | ४५ | ११८६ | १२८८ | |

## ७) सभाको कारबाही र वैधानिकता :

सर्वप्रथम बैंकका नायब महाप्रबन्धक तथा कम्पनी सचिवले बैंकको पन्ध्रौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट हार्दिक स्वागत गर्नुहुँदै, कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम पन्ध्रौं वार्षिक साधारणसभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुरुप सभाको लागि गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई दिनुभयो ।

## ८) सभाको सभापति, आसन ग्रहण र प्रतिवेदन प्रस्तुत :

साधारणसभा गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र बैंकको नियमावली बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पृथ्वी राज लिगलज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । तत्पश्चात सभाको विषय सूची अनुसार सभा प्रारम्भ भयो ।

## ९) छलफल तथा निर्णयहरु :

(९.१) सभापति श्री पृथ्वी राज लिगलज्यूले सञ्चालक समितिको तर्फबाट बैंकको पन्ध्रौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो । उक्त प्रतिवेदन प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले संस्थापक समूह 'क' उप समूह ५ र उपसमूह ४ बाट संचालक समितिमा भएको प्रतिनिधित्व हेरफेरका विषय सभालाई जानकारी गराउनुभयो ।

(९.२) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण :

तत्पश्चात् सभापतिज्यूले सभाको निर्धारित विषय सूची बमोजिम सञ्चालक समितिको पन्ध्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण गरिएको २०६९ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणहरु

छलफल गरी पारित गर्नको लागि आ-आफ्नो विचार, जिज्ञासा र सुझाव राख्न तथा छलफल गर्न ईच्छुक शेयरधनीहरुलाई आव्हान गर्नुभयो ।

**१०) छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नुभए अनुसार सभामा निम्न शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य जिज्ञासा एवं सुझाव राख्न आफ्नो नाम दिनुभई आफ्नो राय तथा सुझावहरु दिनुभयो ।

१) श्री तेजनाथ धमला
२) श्री प्रकाश रजौरे
३) श्री डमरु बल्लभ घिमिरे
४) श्री अशोक उप्रेती
५) श्री अर्जुन प्रसाद घिमिरे
६) श्री राम बहादुर तामाङ्ग
७) श्री राम श्रेष्ठ
८) श्री कैलाश पत्येन्द्र अमात्य
९) श्री दिपक कार्की
१०) श्री नारायण क्षेत्री
११) श्री नरेन्द्र भट्टराई
१२) श्री निर्मल प्रधान
१३) श्री तिर्थ प्रधान (संचालक)

**११) शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्यको संक्षिप्त विवरण :**

**(११.१) श्री तेजनाथ धमला**

वार्षिक प्रतिवेदन र वासलात भित्रका बिषयहरुमा पछि बोल्नुहुने शेयरधनी साथीहरुले राख्नुहुनेछ भन्ने बिश्वास गर्दै नेपाल ईन्स्योरेन्स कम्पनी लि. यस बैंकको स्थापना कालदेखि नै संस्थापक शेयरधनीको रुपमा रहदै आएको जानकारी गराउनु भयो । एक संस्थापक शेयरधनी एन.बि. ग्रुप नेपाल प्रा.लि. संग एक समझदारी पत्र हस्ताक्षर गरेर मात्र संस्थापक शेयरमा लागानी गरेका हौं । उक्त समझदारी पत्र हालसम्म पनि यथावत कायम रहेकोमा जोड दिनुभयो । एन.बि. ग्रुप नेपाल प्रा.लि. र नेपाल ईन्स्योरेन्स कम्पनी लि. बिच भएको समझदारी पत्र सभामा पढेर सुनाउनु भयो । समझदारी पत्रको दफा ३ अनुसार एन.बि. ग्रुप नेपाल प्रा.लि. र नेपाल ईन्स्योरेन्स कम्पनी लि. समेतको ३० प्रतिशत शेयरबाट संचालक समितिमा प्रतिनिधित्व हुने २ जना संचालक मध्येको १ जनामा हरेक ४ वर्षमा एन.बि. ग्रुप नेपाल प्रा.लि. र नेपाल ईन्स्योरेन्स कम्पनी लि.बाट आलोपालो गरी १ जना संचालक रहने व्यवस्था गरिएको र सोही अनुसार अगाडि बढिरहेकोमा यो बैंक स्थापना भएको १६ वर्षमा १ पटक २०५८/५९ मा संचालक समितिमा प्रतिनिधित्व गर्ने सुअवसर पाईयो । गत वर्ष बैंकले उप समूह ३ बाट संचालक मनोनयन गरी पठाउन पत्राचार गरेको र हामीले उक्त समूहको अर्को संस्थापक शेयरधनीसंग छलफल गरी सहमती गर्ने प्रयास पनि गर्‍यौं तर दुवै संस्थापक शेयरधनीहरुले मनोनयन गरे पश्चात निर्वाचन गर्ने नाटक गरियो । संचालक समुह 'क' उप समुह ३ को सम्बन्धमा नेपाल ईन्स्योरेन्स कम्पनी लि. ले पुनरावेदन अदालत पाटनमा दायर गरेको मुद्धा र सोको सम्बन्धमा नेपाल ईन्स्योरेन्स कम्पनी लि को पक्षमा भएको फैसला

समेत सभामा जानकारी गराउनु भयो र सो फैसला कार्यावन्यन गर्नमा बैंकबाट भएको ढिलाईको सम्बन्धमा संचालक समितिसंग जानकारी माग गर्नुभयो । साथै पुनरावेदन अदालत पाटनबाट भएको फैसला अनुसार संचालक समितिमा नेपाल ईन्स्योरेन्स कम्पनी लि. तर्फको प्रतिनिधित्व गराई फैसला कार्यान्वयन गर्न संचालक समितिलाई अनुरोध गर्नुभयो ।

(११.२) **श्री प्रकाश रजौरे**

बैंक तथा वित्तीय संस्थाहरु नियम र कानून सम्मत तरिकाबाट अगाडि बढ्दै जानेमा आफू विश्वस्त रहेको नियम कानून भन्दा कोही माथि नरहेकोले अदालतको आदेश, फैसला कार्यावन्यन गर्ने दायित्व संचालक समितिको रहेको भन्नुहुदै उक्त फैसला सुन्दा यस बैंकको १४औं वार्षिक साधारण सभाले गरेका निर्णयहरु बदर हुन सक्ने भन्नुभयो । तसर्थ संस्थापक समुह 'क' उप समुह ३ को संचालक समितिको प्रतिनिधित्वको लागि भएको निर्वाचनको सम्बन्धमा पुनरावेदन अदालत पाटनबाट भएको फैसला कार्यावन्यन नभएको देखिएकोले के कति कारणले संचालक समितिले उक्त फैसला कार्यावन्यन नगरेको हो सो सम्बन्धमा सभालाई जानकारी गराउन संचालक समितिलाई अनुरोध गर्नुभयो । बैकको संचालक समितिमा भएको हेरफेरका सम्बन्धमा असन्तुष्टी प्रकट गर्नुभयो । नियम र कानून अनुसार संस्था संचालन हुनुपर्ने, आजको दिन प्रश्न राख्ने र जवाफ दिने मात्र नभई निर्णय गर्ने दिन पनि हो भन्नुहुदै सभाका अध्यक्ष भनेको न्यायाधिश पनि भएको उल्लेख गर्नुभयो । बैकको हरेक बैठकको निर्णयको माइन्युट हेर्न पाउने अधिकार प्रत्येक शेयरधनीहरुको रहेको भन्नुहुदै संचालकले माग गर्नुभएको सूचनाको सम्बन्धमा पाए नपाएको सभालाई जानकारी गराउनुहुन समेत अनुरोध गर्नुभयो । नेशनल हाइड्रोपावर कम्पनीको शेयर पार भ्यालुभन्दा कम रहेको र उक्त शेयरको धितोमा कर्जा प्रवाह गरेको केन्द्रीय बैंकको निर्देशन विपरित छ । कर्पोरेट कल्चरमा हिड्दा धेरै आरोह अवरोह आईरहने र यस्ता आरोह अवरोहलाई चुनौतीको रुपमा सामना गर्दै सञ्चालक समिति तथा व्यवस्थापन जानुपर्नेमा जोड दिदै कानून भन्दा माथि रही कुनै पनि निर्णय नलिन आग्रह गर्दै बैंकले गरेका कर्जा लगानीका सम्बन्धमा समेत जानकारी माग गर्नुभयो ।

(११.३) **श्री डमरु बल्लभ घिमिरे**

यस बैंकका संस्थापकहरु बीच एकरुपता रहेनछ गुट उपगुटका कारण १५ वर्षसम्म लाभांश दिन नसकेको रहेछ र यस पटक बैंकले ५ प्रतिशत बोनस दिन सक्षम भएकोमा धन्यवाद दिदै वार्षिक प्रतिवेदनमा अझ सुधार गर्दै जानु पर्नेमा जोड दिनुभयो । वहांले श्री निर्मल प्रधानज्यूको सौजन्यमा आफ्नो श्रीमती सहित अन्य धेरै साथीहरुसंग पहिलो पटक बैंकको वार्षिक साधारणसभामा भाग लिन आउन पाएकोमा श्री निर्मल प्रधानज्यूलाई सहयोगको लागि धन्यवाद दिनुभयो । बैंकको गैर बैंकिङ्ग सम्पत्ति बढ्दै रहेकोमा यसलाई घटाउदै लग्न संचालक समिति तथा बैंक ब्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो । संचालक प्रतिनिधित्व गरेका संस्थापक शेयरधनी कम्पनीहरुको बैधानिकता माथि प्रश्न गर्नुहुदै कतै ती कम्पनीहरु नेपाल सरकारको जलबिद्युतको लागि लिईएका लाईसेन्स जस्तै खोलाको लाईसेन्स लिएर झोलामा हाल्ने त होईन भनी प्रश्न गर्नुभयो । ऐन कानूनको पालना गर्दै संचालक समितिमा एकता हुनुपर्नेमा जोड दिदै ब्यक्ति र समुह बिशेषको कारण बैंक धरासायी भएमा त्यसको जिम्मेवारी संचालक समितिको हुने भएकोले शेयरधनीको हित अनुसार बैंकलाई अगाडि बढाउनु पर्नेमा जोड दिनुभयो । साथै बैंक संचालक समितिमा प्रतिनिधि संचालकको सट्टामा लगानीकर्ता स्वयम्को प्रतिनिधित्व भएमा संचालक समितिमा शेयरधनीको वास्तविक प्रतिनिधित्व हुने र यसले शेयरधनीको हित हुने भन्नुभयो । सर्वसाधारण शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरुलाई उहांहरुको भूमिका र दायित्व के हो भन्ने बिषयमा

ज्ञान हुनुपर्‍यो भन्नुभयो । अरुले मासुभात खाएर किनेको शेयर होला मैले मासुभात कटाई सागभात खाएर किनेको शेयर भएकोले यसको माया बढी रहेकोले सर्वसाधारण समुहको तर्फवाट प्रतिनिधित्व गर्नुहुने संचालकहरुले संस्थापक प्रतिनिधि संचालकले गरेका निर्णयमा सहिछाप मात्र गर्न नहुने भन्नुभयो । संचालक समितिमा उहांहरुलाई आफ्नो समुहको जोडदार उपस्थिति देखाउन समेत आग्रह गर्दै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

**(११.४) श्री अशोक उप्रेती**

काठमाण्डौंबाट आएर यो वर्ष कति बोलूला भन्ने लागेको थियो यहांको वातावरणले त्यो अवस्था रहेन र मन खिन्न भईरहेको छ, अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत माथि आरोप प्रत्यारोप लागि रहेको छ बोनस शेयर दिएर बैंकले आफ्नो अस्तित्व छ भन्ने देखाउन खोजेको विषयमा पनि बोल्न नसक्ने स्थिति रह्यो भन्नुभयो । तपाईहरुको हित चिताउने ब्यक्ति हुंदाहुदै पनि आजको यहांको वातावरणले तपाईहरुको पक्षमा बोल्ने अवस्था रहेन । अध्यक्षज्यूले १४औं वार्षिक साधारण सभाका बारेमा शेयरधनी प्रकाश रजौरेले राख्नु भएको प्रश्नको जवाफ दिनुपर्नेछ भन्नुभयो । आज उत्तेजित भएर बोल्ने मेरो मन छैन र यो स्थिति किन उत्पन्न भयो हामीले थाहापाउनु पर्ने जरुरी भएको छ । यस बैंकले विगतमा शेयरधनी प्रति गरेको ब्यवहार चिततबुझ्दो नरहेको र हामीले काठमाण्डौंबाट आफ्नो पैसा खर्च गरेर साधारण सभामा गणपुरक संख्या पुर्‍याउन विगत ८ वर्षदेखि सहभागी भैरहेको भन्नुहुदै बैंक र शेयरधनीको बीचको सम्बन्ध आगामी दिनमा सुमधुर बनाउन संचालक समितिले बिशेष पहल गर्ने सम्बन्धमा आफू आशावादी रहेको छु भन्नुभयो । अध्यक्षज्यू तपाईलाई आरोप लाग्नु भनेको नेपाल सरकार र सम्पूर्ण ती ब्यक्तिहरु माथि आरोप लाग्नु हो जस्ले नेपाल सरकारको ऋण खाएको छ भन्नुहुदै सभामा उठेका बिभिन्न सवालहरुको सम्बन्धमा अध्यक्षज्यूलाई प्रष्ट्याउन अनुरोध गर्दै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

**(११.५) श्री अर्जुन प्रसाद घिमिरे**

बैंकको स्थिति सुधार भई बैकले शेयरधनीको लामो प्रतिक्षा पछि भएपनि ५ प्रतिशत बोनस शेयर बाँड्न सफल भएकोमा संचालक समिति तथा ब्यवस्थापनलाई धन्यवाद दिनुहुदै आगामी दिनमा हामी शेयरधनीहरुले बढीभन्दा बढी लाभांश प्राप्त हुनेमा आफू आशावादी रहेको भन्नुहुदै सभामा उठेका सवालहरुको सम्बन्धमा अध्यक्षज्यूले जवाफ दिनु हुने नै छ भन्नुभयो । सभामा छलफलको लागि प्रस्तावित प्रस्तावहरुलाई छलफल गरी सूचारुरुपले अगाडि लगी साधारणसभा सम्पन्न गर्नु शेयरधनीहरुको जिम्मेवारी रहेको तर्फ सभालाई ध्यानाकर्षण गराउदै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

**(११.६) श्री राम बहादुर तामाङ्ग**

बैंकको बार्षिक प्रतिवेदन हेर्दा ७ करोड ९२ लाख कर्जा अपलेखन गरेको देखिन्छ यो भनेको बैंकले नाफा गरेको रकम १७ करोडको ५० प्रतिशत हुन आउंछ । यसरी अपलेखन गरेको कर्जाको जिम्मेवारी तपाइहरुले लिनुपर्ने हुन्छ भन्नुभयो । कर्जा अपलेखनको प्रस्तुती नाफा नोक्सान हिसावको अनुसुचीमा बाहेक प्रतिवेदनमा अन्य कतै गरिएको छैन जुन अध्यक्षज्यूको प्रतिवेदनमा यस वर्ष अपलेखन गरिएको कर्जाको स्पष्ट उल्लेख हुनु पर्नेमा जोडदिनुभयो । नेपाल राष्ट्र बैंकले वार्षिक साधारण सभा गर्न स्वीकृति दिएको पत्रमा कर्जा सम्बन्धमा दिएको निर्देशन कतिपय कर्जाहरुको भुक्तानी नियमित तथा कर्जा पूणरुपले सुरक्षित नभएको अवस्थामा समेत कर्जालाई नविकरण गर्ने गरेको विषयमा असन्तुष्टी प्रकट गर्दै नेपाल राष्ट्र बैंकले गरेको निर्देशनको पूर्ण पालना गर्नेतर्फ संचालक समितिको ध्यानाकर्षण गराउनुभयो । एन.बि.

ग्रुपलाई कर्जा प्रवाह भएको छ कि भनी प्रश्न गर्नुभयो । बैंक सक्षम र सवल रुपमा अगाडि बढ्नमा संचालक समितिको मुख्य भूमिका हुने हुंदा संचालक समितिलाई जिम्मेवार भई प्रस्तुत हुनेतर्फ समेत ध्यानाकर्षण गराउदै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

(११.७) श्री राम श्रेष्ठ

सामाजिक उत्तरदायित्व बहन गरेको विषयमा स्पष्ट उल्लेख गरेको पाईएन, चन्दा खर्च किन केका लागि दिईएको हो प्रष्टयाउनुहोला । लेखापरीक्षण समितिको कार्य सम्बन्धमा बिस्तृत जानकारी प्रतिवेदनमा नरहेको र साधारण सभाको विषय सूचीमा लेखा परीक्षक नियुक्ति गर्ने प्रस्तावमा बहालवाला लेखा परीक्षक पुनः नियुक्ति हुनसक्ने कुरा किन उल्लेख नगरिएको हो सोको जवाफ दिनुपर्‍यो । निक्षेपकर्ता बढेको देखिन्छ यसतर्फ पनि ध्यान दिनुपर्‍यो । बैंकको संचालक समितिको बैठक कहिले र कति पटक बसेको सो समेत प्रतिवेदनमा नदेखिएकोले आगामी दिनमा यस सम्बन्धमा स्पष्ट गरियोस् भन्नुहुदै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

(११.८) श्री कैलाश पत्येन्द्र अमात्य

बैंकको साधारण सभा सधै ढिला हुने गरेकोमा संचालक समिति वा लेखा परीक्षकलाई मात्र दोष दिने परिपाटीको अन्त्य गर्दै सभाले नै लेखापरीक्षक नियुक्ति गर्दा समयमा नै लेखा परीक्षण गर्ने शर्तमा नयां लेखा परीक्षक नियुक्ति गरे सो समाधान हुने भनी सभालाई सुझाव दिनुभयो । बैंकको संचालनमा आउने उतार चढावको सम्बन्धमा एक आपसमा आरोप प्रत्यारोप गर्दा बैंक, संचालक, शेयरधनी कसैको हित नहुने र अन्त्यमा हामी शेयरधनीहरुको लगानी नै डुब्न सक्ने भएकोले हामी आफै सजग हुनु पर्नेमा जोड दिनुभयो । फुटेर नभई जुटेर एक आपसमा हातेमालो गर्दै सबैले कानून सम्मत कार्य गर्दै गएमा बैंकको साथै शेयरधनीहरुको समेत हित हुनेतर्फ ध्यानाकर्षण गराउदै सभालाई सम्पन्न गर्ने दायित्व समेत शेयरधनीहरुको नै रहेकोले सो तर्फ सजग हुन उपस्थित सबै शेयरधनीहरुलाई अनुरोध गर्नुभयो । बैंक मर्जरमा जाने सम्बन्धमा सभाले छिटो भन्दा छिटो उचित निर्णय गर्नुपर्ने भन्दै ढीलो हुंदा राम्रा राम्रा कम्पनीहरु मर्जरमा गईसक्ने र राम्रो र रोजेजस्तो कम्पनी नपाउदा बैंकलाई फाईदा नहुने भएकोले तत्काल उचित निर्णय लिनको लागि सभाको ध्यानाकर्षण गराउनु भयो । बैंकको वित्तीय सूचांकको बिश्लेषण गर्दा आगामी दिनमा बैंकले शेयरधनी हरुलाई अझ बढी प्रतिफल दिनसक्ने देखिन्छ भन्नुभयो । साथै बैंकमा रहे भएका कमी कमजोरीहरुलाई दोहोरिन नदिई हामी शेयरधनीहरुलाई म यस बैंकको शेयरधनी हुं भन्दा गौरव गर्नसक्ने अवस्था सिर्जना हुने गरी कार्य गर्न संचालक समितिलाई अनुरोध गर्दै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

(११.९) श्री दिपक कार्की

बैंकले ५ प्रतिशत बोनस शेयर दिने भनेको छ यो कसरी दिने हो थाहा छैन । यो कम्पनी भोलि धरासाही भयो भने तपाई संचालकहरुलाई कानूनको कठघरामा पुर्‍याउनेछौ त्यसप्रति सचेत हुनुहोला भन्नुभयो । संचालकहरुलाई झ्यालबाट आउने होईन ढोकाबाट आउनुहोस् भन्नुभयो । म पनि नेशनल हाइड्रो पावर कम्पनीको संचालक हुं र हाल यस बैंकका अध्यक्षज्यूले त्यहाँ पुर्‍याउनुभएको सुशासनको भुंग्रोमा परिरहेको छु । बैंक सक्षम हुनु र नहुनुमा त्यसमा रहेका संचालकहरुको प्रमुख भूमिका हुने हुंदा यस तर्फ सजग हुन संचालक समितिलाई ध्यानाकर्षण गराउदै बैंक सक्षम रुपमा संचालन भएमा त्यसको जस संचालक समितिलाई जाने अन्यथा शेयरधनीहरुले आफ्नो लगानी माथि गैर कानूनी ढंगले हस्तक्षेप

हुनेगरी काम कारवाही गरेमा संचालक समिति कानूनी कठघरामा उपस्थित हुनुपर्ने भन्दै यस तर्फ सचेत हुन आग्रह गर्नुभयो । नेपाल ईन्स्योरेन्स कम्पनी लि. को पक्षमा भएको अदालतको फैसला कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । कम्पनी ऐनमा भएको व्यवस्था अनुरुप कम्पनी सचिबलाई काम गर्न सुझाव दिनुभयो । बैंकले गर्ने प्रत्येक काम कारवाही पारदर्शी र कानून सम्मत भएमा कंहि कसैले औला उठाउन नसक्ने सम्बन्धमा यस संचालक समिति सजग रहोस् भन्नुहुदै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

**(११.१०) श्री नारायण क्षेत्री**

बैंकको साधारण सभा हुनलागेको कुरा कसैले प्रोक्सी माग्न आएमा मात्र थाहा हुने गरेको तर यस पटक प्रोक्सी माग्न आएपछि साधारण सभा हुने भन्ने थाहा पाई म आफू पहिलो पटक सभामा भाग लिन आएको भन्नुहुदै बैंकको साधारण सभाको सूचना नपाउदा सूचना प्रवाहमा कमजोरी रहेको हो कि भनी प्रश्न गर्नुभयो । पहिलो पटक सभामा भाग लिन आउदा सभामा बैंकको क्रियाकलाप सुन्दा लज्जास्पद रहेको र मलाई लाज लागेको छ भन्नुभयो । बैंकको सभामा भागलिनेहरुको बीच परिचयात्मक कार्यक्रम राख्नु पर्नेमा जोड दिनुभयो । बैंकले हाल ५ प्रतिशत बोनस शेयर दिएकोमा खुशी लागेको छ । बैंकको संचालक समितिमा को कहांबाट प्रतिनिधित्व गरिरहनु भएको हो सोको बिस्तृत विवरण मलाई थाहा छैन । तर यहांको कुरा सुन्दा बैंक भित्र गांजेमाजें छ जस्तो लागिरहेको छ भन्नुभयो । बैंकले विगत २-३ वर्षमा नाफा कमाएको र प्रगति गरेको देखिएको भए तापनि उक्त नाफा कता गएको छ घपलाबाजी हो कि भनी शंका ब्यक्त गर्नुभयो । बैंक मर्जरको विषयमा बैंकको हित हेरी अगाडि बढ्न सुझाव दिनुभयो । साथै बैंक संचालनमा हुने गरेका कामकारवाही प्रति तिक्तता ब्यक्त गर्दै आगामी दिनमा बैंक बढी भन्दा बढी प्रतिफल बांड्न सफल हुने गरी संचालक समितिले कार्य गरोस् भन्दै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

**(११.११) श्री नरेन्द्र भट्टराई**

साधारणसभा बढी उपयोगी बनाउनको लागि हामीले बैंकको विगत र वर्तमानलाई बिश्लेषण गरी भोलि बैंकलाई कसरी लैजाने भन्ने विषयमा बढी छलफल गर्नु राम्रो हुनेछ भन्नुभयो । बैंकको संस्थापक शेयरधनी कम्पनीहरुको बैंधानिकताका विषयमा धेरै कुराहरु उठेका छन् । यसको जवाफ जानकारी दिनेक्रममा यहां कागजहरु उपलब्ध नभएको पनि हुन सक्छ । बैंकले सम्पूर्ण संस्थापक शेयरधनी कम्पनीहरुको विवरण केही दिन अगाडि मागेको मेरो जानकारीमा पनि आएको छ र बैंकको अभिलेख अध्यावधिक गर्न शेयरधनीहरुले विवरण उपलब्ध गराउनु पर्ने हुन्छ । चार्टर्ड ईन्भेष्टमेन्ट कम्पनीको सम्बन्धमा सभामा शेयरधनीहरुले उठाउनुभएको विषयमा सो कम्पनी हाल मेरो छोराहरुको नाममा रहेको र उक्त कम्पनीले आ.व. २०६८/६९ सम्मको विवरणहरु सम्बन्धित निकायमा बुझाएको जानकारी गराउनु भयो । बैंकको ६-७ वर्ष अगाडिसम्म बैंकको संचालक तथा प्रवन्ध निर्देशकको रुपमा आवद्ध भएको र बैंक स्थापना गर्ने कार्यमा प्रत्यक्ष सम्लग्न रहेकोले बैंकको विगतका क्रियाकलाप बारे केही कुरा सभालाई जानकारी गराउछु भन्नुभयो । सन १९९६ देखि २००२ सम्म यस बैंकको ब्यवस्थापन बैंक अफ सिलोन श्रीलंकाले गरेको र बैंक अफ सिलोनले आफ्नो शेयर स्वामित्व बिक्री गर्दाको समयमा रु. ५० करोडको संचित नोक्सानी रहेको हुंदा नेपाल राष्ट्र बैंकले समय समयमा निक्षेप परिचालन तथा कर्जा लगानीमा सीमा  तोकेको कारण सोचे जस्तो बैंकको ब्यवसाय बृद्धि हुन सकेन जस्को पिडा म जस्तो लगानीकर्ताहरुले भोगिरहनु परेको छ । बैंकको ब्यवसाय अभिबृद्धिका लागि हामी सबैले ब्यवस्थापन तथा संचालक समितिलाई सहयोग गर्न उपयुक्त हुनेछ र आज यस सभामा राखिएका सामान्य तथा विशेष प्रस्ताव स्वीकृत गरी सभालाई सफल बनाउन सबैलाई आव्हान गर्नुभयो ।

(११.१२) श्री निर्मल प्रधान

शेयरधनीको हैसियतले लाखौ लाख शेयरधनी समक्ष बैंकमा भएको कमी कमजोरीहरुलाई सुधार गर्न विशेष साधारण सभा बोलाउन माग गरेकोमा दश प्रतिशत शेयरधनीले विशेष साधारण सभाको माग गरेमा एउटा निश्चित विषयमा छलफल गर्न १ महिना भित्र विशेष साधारण सभा बोलाउनु पर्ने कम्पनी ऐनमा बाध्यात्मक व्यवस्था छ । उक्त मागलाई बैंकले लत्याईदियो । यस बैंकमा संचालकहरुले मलाई लाग्छ कम्पनी ऐन त परै जावस् नेपालको ऐन पनि पढ्नु भएको छैन भन्नुभयो । जव यो बैंकमा दुःख पर्दै जान्छ मलाई त्यसको पिडा पर्दै जान्छ । सर्वसाधारण र संस्थापक शेयर गरी सबैभन्दा बढी लगानी मेरो रहेको छ । पैसाको हैसियतले हो भने सर्वसाधारण शेयर ५९६ र संस्थापक शेयर ३ सय, ४ सय, ५ सय हुंदा मेरो बुद्धी बिग्रेर मैले ७० करोड नगद लगानी गरेर १० प्रतिशत संस्थापक शेयर र १५ - २० प्रतिशत सर्वसाधारण शेयर किनेर म अहिले मुर्छा परेर मरेर कोमामा पुगिसकेको मान्छे यो साधारण सभा हुन्छ भन्ने थाहा पाएपछि कोमाबाट क्याविनमा मात्र आईरहेको छु । मलाई पनि यस बैंकका संस्थापक समुह र संचालक समितिले सुपरिवेक्षण गर्दै हुनुहुन्छ, उहाहरु डाक्टर अनी यो बैंकको हिजोसम्म यो पनि गइहाल्यो नि भनेर मलाई कोमामा पठाईसकेका थिए, भगवानको आशिर्वाद यो मान्छे सच्चा मान्छे हो यिनीहरुले पठाए पनि भगवानले पठाउन मिल्दैन भनेर जनरल वार्डमा सारिदिएको छ । आजको यो बैठक सम्पन्न भए उप्रान्त त्यसबाट अलिकति रिलिफ भएर घरमा डिस्चार्ज हुन्छु भन्ने मलाई लागेको छ । मलाई कोमामा पुर्‍याउने कहिले जनरल वार्डमा पुर्‍याउने यहां ड्यासमा विराजमान हुनु भएका अध्यक्षज्यू लगायत संचालकज्यूहरुलाई भगवान पशुपतीनाथले उहांहरुको जीवनमा सधै कल्याण गरोस् म यही नै प्राथना गर्दछु । उहांको विरुद्धमा वा विपक्षमा म कहिल्यै बोल्दिन न्याय सत्यताको अडिगमा रहेर मात्र कुरा गर्दछु भन्नुभयो । उहांले एनसीसी बैंकको यथार्थ स्थितिका सम्बन्धमा बोल्दै भन्नुभयो तपाईहरुलाई थाहा छ कि छैन एनसीसी बैंकमा मैले ५-६ वर्ष देखि नजिकबाट निहालिरहेकोछु यसको मुख्य कारण के हो भने नेपाल सेक्युरिटिज् इन्भेष्टमेन्ट प्रा.लि.ले १० प्रतिशत संस्थापक शेयरमा लगानी गरेको छ । जुन मेरो नितान्त व्यक्तिगत कम्पनी हो जस्मा म र मेरो छोरा शेयरधनी छौं । उक्त कम्पनीबाट अनवरत ४ बर्षदेखि मेरो श्रद्धेय दाजु साईराम श्री तिर्थ प्रधानलाई संचालक समितिमा मैले मनोनित गरी पठाईरहेको छु । गत सालको निर्वाचनमा पनि मैले मेरो दाजुलाई मनोनयन गरी पठाएकै हो । उहां मेरो अनुरोधलाई नकार्न नसकेर मात्रै संचालक समितिमा रहिरहनुभएको हो । नेपाल ईन्स्योरेन्स कम्पनी लि.को नाममा पुनरावेदन अदालत पाटनबाट भएको फैसला तुरुन्त कार्यान्वयन हुनुपर्ने भन्नुभयो । सांग्रिला हाउजिङ्ग डेभलपमेन्ट कम्पनीको उठाउनु पर्ने लेना रकम कति हो र नेपाल राष्ट्र बैंकले निर्देशन दिए पश्चात कति रकम र ब्याज असुली भयो सोको यस सभालाई जानकारी गराउनु पर्ने भन्नुभयो । बैंकका संचालक श्री साईराम श्री तिर्थ प्रधानले माग गर्नु भएको विवरण संचालक समिति लगायत कम्पनी सचिवले दिन आनाकानी गरे पश्चात संचालकले श्री जिल्ला प्रशासन कार्यालय काठमाण्डौं र राष्ट्रिय सूचना आयोगको सहयोगमा जान बाध्य हुनु भएको र ती कार्यालयहरुको निर्देशनमा केही विवरण प्राप्त भएको र सो सभालाई जानकारी गराउनुभयो । एउटा संचालकले कर्मचारीहरुले कति बोनस खाए भन्ने विवरण माग्दा समेत नपाउने कति अचम्मको कुरा हो यो भन्नुभयो । यस बारेमा संचालक श्री तिर्थ प्रधानज्यूले नै यस सभालाई जानकारी गराउनु हुनेछ भन्नुभयो । यस बैंकले सत्येन्द्र प्यारा श्रेष्ठ र बि.बि. एयरवेज प्रा.लि. लाई प्रवाह गरेको कर्जाका प्रक्रियाका सम्बन्धमा रोष प्रकट गर्दै यस सम्बन्धमा नेपाल राष्ट्र बैंकले गरेको कारवाहीको सम्बन्धमा सभालाई जानकारी गराउनु पर्ने भन्नुभयो । नेशनल हाईड्रो पावरको शेयर धितोमा राखी प्रवाह भएको कर्जा र सो धितो लिलामी कारवाहीको सम्बन्धमा नेपाल राष्ट्र बैंकको निर्देशनको पालना नगरेको र संचालकहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशनको ज्ञान छैन भन्नुभयो । संचालकहरुले बोर्डमा बसेर रमाइलो गर्ने हो ? संचालक समितिले नयां संचालकहरु नियुक्ति गर्दा घपला गरेको

भन्नुभयो । साधारणसभाको सूचना प्रकाशित गरिसकेपछि संचालक समितिमा भएको प्रतिनिधित्व हेरफेरका सम्बन्धमा आपत्ती प्रकट गर्नुभयो र यस सम्बन्धमा सभालाई स्पष्ट गराउनुपर्ने भन्नुभयो । साथै बैंकको संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन भए पश्चात संस्थापक समूहको उप समूह वर्गीकरण र संस्थापकको तर्फबाट ४ जना मात्र संचालक समितिमा प्रतिनिधित्व हुनुपर्ने भन्दै संचालक समितिलाई आवश्यक प्रक्रिया अगाडि बढाउन अनुरोध गरिएको समेत सभालाइ जानकारी गराउनुभयो ।

(११.१३) **श्री तिर्थ प्रधान (संचालक)**

म जे बोल्छु सही नै बोल्छु थाहा भएसम्म सत्य नै बोल्छु भन्दै बुँदागत रुपमा भन्नुपर्दा धेरैजसो कुराहरु जुन मैंले इन्फरमेसनहरु मागेको थिएं अध्यक्ष्यज्यूलाई, अध्यक्ष्यज्यूलाई निवेदन दिएं । एउटा संचालकको हैसियतले मैंले हाम्रो कम्पनी सचिवसंग कुनै डकुमेन्ट हेर्न पाउछु कि पाउदिन मैंले माग्न मिल्छ कि मिल्दैन भन्दा उहांले हेर्न पाउनुहुन्छ, छायांकपी भने पाउनुहुन्न भन्नुभयो । छायांकपी दिने नदिने अधिकार, मेरो माग बमोजिम दिने नदिने अधिकार तपाईसंग निहित छ कि तपाई भन्दा उपल्लो तहमा निहित छ भनेपछि अध्यक्षज्यूले तपाई के कुरा गर्नुहुन्छ कम्पनी सचिवसंग गएर हेर्नुहोस् भन्नुभयो । कम्पनी सचिवसंग भन्दा उहांले म त CEO र अध्यक्षज्यूको काम चलाउ मान्छे उहांहरुले अह्राएको मान्ने मान्छे तपाईले मागेको दिन मिल्दैन उहांले अह्राएर दे भने म दिन्छु नत्र मैले दिन मिल्दैन भन्नुभयो । त्यसपछि एउटा संचालकले , मैले ७ दिन अघि गरेको कुराहरु, १५ महिना अघि CEO लाई नोमिनेशन गरेको कुराहरु केही वर्ष अघि लगानी भएको कुराहरुको अवस्थाहरु के छ, तिनीहरु ज्यूउदै छन् कि कार्यकर्ममा छ कि छैन, Inactivity छ कि छैनन् भनी सोद्धा उहाले दिन मलाई हिच्किचाउनु भएको ध्रुव सत्य हो र मैले उहांलाई जव लिखितरुपमा माग गरेपछि हाम्रो यस बैंठकमा जति कुरा नोटिस भैसकेको वा पास भैसकेको वा ३ वर्ष पहिले होस् वा २ वर्ष पहिले होस् उहांको कार्यकाल अवधिमा भएको कुरा जानकारी भैसकेकोछ जानकारीसम्म दिने बैंठकमा पेश नभएको कुराहरु लिखितरुपमा दिने गरी तोक लगाईदिनुभयो । मैले भने ५० वर्ष नाघेपछि मान्छेहरु साँचो गोजीमा हुन्छ तर साँचो बाहिर खोजिरहेका हुन्छन्, त्यो ममा पनि छ सायद त्यो मेरो उमेरको कमजोरी होला । मलाई साह्रै चित्त दुख्यो । एउटा संचालकले मैले मेरो बिर्सने बानी छ Absent Mind छ मेरो उमेरको कारणले दिन पर्‍यो नि सर भन्दाखेरी उहांले यसरी तोक लगाईदिनुभयो मलाइ चित्त दुख्यो भन्नुभयो । CEO सरले दिनु भएन कम्पनी सचिवले दिन मान्नु भएन म त अह्रौटे मान्छे मात्र हुं उहांले भन्नु भएको शब्द यहि नै हो है भन्नुभयो । अव म के गरु भनी मैले मेरो भाई निर्मल प्रधान शेयर बजारको प्रमुख होल्डर पनि हो उसंग सल्लाह गरें । म CDO कहां सिधै गएं । CDO ले भन्नुभयो यो के कुरा गरेको दिन नमिल्ने कुरा नि हुन्छ Director लाई, दिएन त मैले के गरुं त्यसो भए ल्याउनोस् निवेदन भनी तोक लगाईदिनुभयो र मैले तोक सहितको निवेदन बैंकमा बुझाएं भन्नुभयो । CDO को तोक आदेश पछि पनि मागेको कुरा नपाए पछि म राष्ट्रिय सूचना आयोग गएं र उक्त आयोगबाट आदेश ल्याई बैंकमा बुझाए पश्चात मात्र केही दिन पछि मैले मागेको मध्ये केही विवरणहरु मात्र पाएको भनी सभालाई जानकारी गराउनुभयो । संचालक समितिको बैठकमा मलाई चित्त नबुझेको विषयहरुमा मेरो प्रतिक्रिया समेत लेख्ने गरेको छु । NHPC को शेयर लिलामी सम्बन्धमा सर्वसाधारण शेयरधनीहरु बैंकमा आएको बखत म कम्पनी सचिवसंग २ दिन अगाडि नै समय लिएर आएको अवस्थामा संयोगले एकै समय पर्दा मलाई नचाहिदों आरोप समेत लगाईयो । नेपाल ईन्स्योरेन्स कम्पनी लि.को सम्बन्धमा भएको फैसलालाई कार्यान्वयन गरौं भन्दा संचालक साथिहरुले बैंकलाई फैसला कपी नै प्राप्त नभएको र कानूनी सल्लाहाकारहरुले यस अवस्थामा उक्त फैसलालाई कार्यान्वयन गर्न नपर्ने भनेकोमा मेरो आपत्ती रहेको भनी सभामा भन्नुभयो । हाल साधारणसभा हुनुभन्दा अगाडि अध्यक्षज्यूको संचालक समितिमा अन्य कम्पनीबाट भएको प्रतिनिधित्वको समर्थन गरेको तर त्यसको सम्पूर्ण कागजात मैले हेरेको छैन भन्नुभयो तर संचालक समितिमा मेरो अनुपस्थितीमा भएको अन्य

एकजना संचालकको प्रतिनिधित्व हेरफेरका सम्बन्धमा असन्तुष्टी जाहेर गर्दै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

### १२) अध्यक्षज्यूको जवाफ :

बैंकको संचालक समितिको प्रतिनिधित्वका सम्बन्धमा संचालकहरु सवैले कानून सम्मत प्रतिनिधित्व गर्नु भएको भन्नुहुदै संचालक समितिले जानी नजानी गरेको कमी कमजोरीहरुलाई सुधार गर्दै जाने भएकोले बैंकले गरेको काम कारवाहीको सम्बन्धमा अपब्याख्या गरी संचालक समिति भित्र झै झगडा तथा तिक्तता छ भनी बाहिर ल्याई छताछुल्ल बनाउदा बैंकको भविष्य नै नराम्रो हुने साथै शेयरधनी साथीहरुले भने झै बैंक रन हुने वा राष्ट्र बैंकले लिनसक्ने अवस्था आउन सक्छ । त्यसैले यसमा हामी सबैले विचार पुर्‍याउनु पर्छ भन्नुभयो । केही संचालकहरु बाहेक अन्यसंग आफ्नो नाममा शेयर छैन र संचालक भैसकेपछि आफ्नो तथा आफ्नो परिवारको नाममा शेयर लिन नमिल्ने व्यवस्था भएको यहांहरुलाई अवगत नै होला । संचालक समितिको मुख्य उद्धेश्य भनेको आफ्नो पदावधिको समययमा बैंकको अवस्था राम्रो होस् भन्ने नै हो यस तर्फ संचालक समिति सजग छ भन्नुभयो। साधारण सभा भनेको संचालक समितिले शेयरधनीहरुसंग अन्तरक्रिया गर्ने सभा हो र एकवर्ष भित्र भए गरेका कामहरुको तथा भविश्यमा गर्नुपर्ने काम तथा योजनाहरुको सम्बन्धमा विस्तृत छलफल गर्ने गरिन्छ । कसैले कसैलाई आरोप प्रत्यारोप गर्नुभन्दा पनि बैंकलाई कसरी सवल र सुदृढ बनाउने यसमा रचनात्मक सुझाव दिनु उपयुक्त हुन्छ जस्तो मलाई लाग्छ । आज संचालक समितिको शेयरधनी साथीहरुसंग अन्तर्‌क्रिया भई विचार आदान प्रदान भयो । उहांहरुले बैंकमा भएका केही कमि कमजोरीहरु औंल्याउनु भएको छ भने केही कुरामा अझ स्पष्ट पार्नुपर्ने देखिन्छ भन्दै रचनात्मक सहयोग सुझावको लागि शेयरधनीहरुसंग संचालक समितिको अझ वढी अपेक्षा रहेको समेत भन्नुभयो ।

बैंकको ब्यवस्थापन र संचालक समितिको सम्बन्धमा चर्चा गर्नुहुदै ब्यवस्थापनले गरेको काम कुराको जानकारी लिनेतर्फ सजग हुने गरेको जानकारी गराउनु भयो । श्री सत्येन्द्र प्यारा श्रेष्ठलाई प्रवाह भएको कर्जा (जुन हाल चुक्ता भईसकेको छ) को विषयमा शेयरधनीलाइ स्पष्ट पार्ने क्रममा भन्नुभयो कि व्यवस्थापनलाई प्रत्यायोजित अख्तियार भित्र रहेर ब्यवस्थापनले गरेका कार्यहरु सबै संचालक समितिमा आउदैनन् एजेन्डामा आएका कुराहरु मात्र संचालकहरुलाई थाहा हुन्छ । बैंकको ब्यवसाय अभिवृद्धि गर्न कतिपय कुराहरुमा तुरुन्तै निर्णय गर्नुपर्ने भएकोले CEO लाई अधिकार प्रदान गरिएको हुन्छ । CEO ले आफ्नो अधिकार क्षेत्र भित्र रही गरेको कार्यहरुको जानकारी संचालक समितिलाई बराबर गराउनु पर्ने हुन्छ । तत्कालिन कार्यकारी संचालकले सत्येन्द्र प्यारा श्रेष्ठलाई प्रवाह गरेको कर्जा निजको आफ्नो अख्तियारी भित्र पर्ने भएकोले सो विषय संचालक समितिमा नआएको र लेखापरीक्षकले औंल्याए पश्चात मात्र सो विषय थाहा हुन आएको भन्नुभयो । त्यसपछि संचालक समिति तथा लेखा परीक्षण समिति सजग भई तत्कालिन कार्यकारी संचालकसंग स्पष्टिकरण माग गरी सचेत गराईनुका साथै उक्त कर्जालाई धितो सुरक्षण लिई सुरक्षित गरिने काम गरिएको ।

नेपाल ईन्स्योरेन्स कम्पनी लि. र एन.बि. ग्रुप नेपाल प्रा.लि. बीच संचालक निर्वाचन (मनोनयन) सम्बन्धी मुद्धाका विषय नितान्त यी दुई कम्पनी बीच सम्बन्धित विषय हो र यस विषयमा अदालतबाट अन्तिम फैसला भई बैंकलाई कार्यान्वयनको लागि निर्देशन भएमा सोही अनुसार कार्यान्वयन गर्ने सभालाई स्पष्ट पार्नुभयो । संचालक समितिले अदालतले गरेको फैसलालाई नमान्ने कल्पनै गर्न सकिन्न । पुनरावेदन अदालत पाटनबाट भएको फैसला उपर अर्को पक्षले सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरेको भन्ने जानकारी प्राप्त भएको एवं सम्बन्धित संचालकले समेत यो प्रक्रिया अघि बढाउन आफूले सहमति

दिइसकेको बारे सभालाई जानकारी गराउनुभयो । संचालकले माग गर्नु भएको कतिपय विषयहरु संचालक समितिमा नै छलफल भईसकेको र छलफलमा नआएका विषयहरु तुरुन्त संचालकहरुलाई जानकारी गराउने भनी निर्देशन जारी भै विवरणहरु तयार भैरहेको अवस्थामा जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय सूचना आयोगबाट निर्देशन आउनु दुःख लाग्दो कुरा हो भन्दै संचालक श्री तिर्थ प्रधानजीले माग गर्नु भएको विवरणको सम्बन्धमा आफूले व्यवस्थापनलाई दिएको तोक आदेश समेत पढेर सुनाउनुभयो । सवैलाई सूचनाको हक छ तर बैंक जस्तो सम्बेदनशिल संस्थाले प्रचलित कानूनमा ब्यवस्था भए अनुरुप मात्र विवरण सार्वजनिक गर्न मिल्ने र ग्राहक तथा व्यक्तिसंग सम्बन्धित विवरणहरु गोप्य राख्नुपर्ने हुन्छ । यो विषयलाई संचालक तथा शेयरधनीहरुले मनन गर्नु भएकै होला । NHPC को शेयर लिलामीको सम्बन्धमा बैंक व्यवस्थापनले कर्जा असुलीका लागि अपनाउनु पर्ने सवै प्रक्रिया अवलम्वन गरेको छ भन्नुभयो । शेयरधनीहरुले उठाउनु भएका विषयहरुमा आगामी दिनमा सुधार गर्नुपर्ने अवस्था रहेकोमा सुधार गर्दै लगिने प्रतिबद्धता ब्यक्त गर्नुभयो । साथै शेयरधनी महानुभावहरुले दिनु भएको सुझावको लागि कृतज्ञता प्रकट गर्नुभयो । बैंकको स्थापनाकालदेखि आफ्नो पूँजी लगानीद्वारा बैंकसंग सम्बद्ध रहदै आउनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुले देखाउनु भएको सदासयता र मार्गदर्शन, सम्पूर्ण कर्मचारीहरुको लगनशिलता एवं सञ्चालक समितिको सकृयताको फलस्वरुप यस बैंक एक सुदृढ र सक्षम बैंकको रुपमा हाल स्थापित हुनसकेको कुरा शेयरधनी महानुभावहरुलाई स्पष्ट पार्नुभयो । बैंकको पूँजीमा भएको ह्रास परिपूर्ति गर्न बैंक सक्षम भएको फलस्वरुप बैंक स्थापना भएको १६ वर्षको इतिहासमा पहिलो पटक टोकनकै रुपमा भएपनि ५ प्रतिशत बोनस शेयर वितरण गर्न सक्षम भएको र चालू वर्षको हालसम्मको बैंकको कार्यप्रगतिबाट आगामी वर्ष पनि शेयरधनी महानुभावहरुमा लाभांश स्वरुप केही बोनस शेयर र नगद लाभांश उपलब्ध गराउन सकिने कुरामा संचालक समिति विश्वस्त रहेको जानकारी गराउदै विगत ५ वर्षको अवधिमा बैंकको वित्तीय स्थिति मजबुत भएको विषयलाई शेयरधनी महानुभावहरुले आत्मसात गर्नुपर्ने हुन्छ भन्दै आगामी दिनमा अझै सुधार गरी व्यवसाय अभिवृद्धि गर्दै अगाडि बढ्ने छौं भन्दै आफ्नो भनाई टुङ्गयाउनु भयो ।

१३ **सभा संचालनको क्रममा केही शेयरधनी महानुभावहरुबाट भएको अशोभनीय क्रियाकलाप बीच संचालन भएको वार्षिक साधारणसभामा बेलुकी ६:०० बजे सभापतिज्यूले जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित बुंदागत प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत गर्दा शेयरधनी श्री निर्मल प्रधानज्यूले राखेको प्रस्ताव स्वीकृत नभएसम्म निर्धारित बुंदागत प्रस्ताव उपर छलफल गर्न नसकिने भनी उपस्थित शेयरधनीहरुबाट आवाज उठ्दा अध्यक्षज्यूले प्रत्येक प्रस्तावमा मतदान गरी पारित गरौं भन्दा बिरोध सहित सभा बहिस्कार गर्ने एवम् एकलौटी सवै प्रस्तावहरु आफैं पारित गर्नुहोस् भनी विरोध जनाई हो-हल्ला भई साधारण सभा नै बिथोलिन जाने देखिंदा शेयरधनी श्री निर्मल प्रधानज्यूले राखेको प्रस्तावहरुमा बेग्लै छलफल गरी सहमति भए पश्चात सभा पुनः संचालन गर्ने गरी छोटो अवधिको लागि सभा स्थगन गर्नुभयो ।**

सभा स्थगन पश्चात उपरोक्त विषयमा सभाकक्ष बाहिर धेरै छलफल भएपछि अध्यक्षज्यूले पुनः बेलुकी ८:१५ बजे सभा बोलाउनुभयो ।

बैंक जस्तो सम्वेदनशिल संस्थाको वार्षिक साधारण सभा जसरी भएपनि सम्पन्न गर्नुपर्ने गाम्भिर्यता तथा सभाहलमा सिर्जित बाध्यात्मक परिस्थिति समेतलाई महसुस गरी सभापतिज्यूले अन्य संचालकज्यूहरु एवं ब्यवस्थापन समेतको सल्लाहमा बैंकको संचालक एवं ब्यवस्थापनले बैंक सम्बन्धी सम्पूर्ण क्रियाकलाप बैंक सम्बन्धी प्रचलित कानून भित्र रही मात्र कार्यान्वयन गर्नुपर्ने हुँदा सोही परिधि भित्र रही कार्यान्वयन गर्ने गरी निम्न बमोजिम सहमति जनाउनुभयो ।

(क) “यस एन.सि.सि.बैंकको १५औं वार्षिक साधारण सभामा शेयर धनीहरुले उठाएको संचालक समितिले हालसम्म भए गरेका सम्पूर्ण काम कारवाही तथा बैंक व्यवस्थापनबाट भए गरेका हर हिसाव तथा अन्य काम कारवाहीको अवलोकन गरी लेखाजोखा गर्ने तथा भएगरेका काम कारवाहीको यथार्थ जानकारी सहित आगामी वार्षिक साधारण सभामा प्रतिवेदन पेश गर्ने गरी सम्पूर्ण शेयर धनीको हक हितलाई ध्यानमा राखी शेयर धनीहरुको तर्फबाट श्री निर्मल प्रधानलाई पूर्ण अधिकार प्राप्त हुने गरी यस साधारण सभाबाट सर्व सम्पन्न अधिकार प्रद्धत सर्वसम्मत निर्णय गरियो ।”

(ख) सम्मानित पुनरावेदन अदालत पाटनबाट भएको फैसला बैंकलाई प्राप्त नभएको तथा उक्त फैसला उपर एन.बि. ग्रुप नेपाल प्रा.लि. र श्री नारायण राज तिवारीज्यूले सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरेको भन्ने मौखिक जानकारी प्राप्त भएको तर तत्काल सभामा सोको प्रमाण पेश गर्न नसकिएको तथा नेपाल ईन्स्योरेन्स कम्पनी लि. ले पनि पुनरावेदनमा गएको जानकारी प्राप्त नभएको भनी बारम्बार आवाज उठाएको हुँदा निम्न सहमति गर्नुपर्ने अवस्था सिर्जना भई सहमति गरिएको ।

<u>मिति २०६९/१२/२९ मा भएको सहमती पत्र</u>

“यस नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को संचालक समितिको संस्थापक समूह ‘क’ उपसमूह ३ को एन.बि. ग्रुप नेपाल प्रा.लि. को तर्फबाट रिक्त संचालक पद १ मा मनोनित भै आउनु भएका प्रतिनिधिले यस पन्ध्रौं वार्षिक साधारण सभा पछि लगतै बस्ने बैंक संचालक समितिको बैठकमा राजीनामा दिने जानकारी गराइयो । साथै श्री पुनरावेदन अदालत पाटनको मिति २०६९/४/१६ को फैसला बमोजिम एन.बि. ग्रुप नेपाल प्रा.लि.ले श्री सर्वोच्च अदालतमा पुनरावेदन गरेको भन्ने बुझिएकोले सो को पुनरावेदन परेको भए आधिकारिक जानकारी लिने र मुद्धा अन्तिम निर्णय भई आएको बखत सोही अनुसार गर्ने गरी संचालक समितिले राजिनामा स्वीकृत गरे पश्चात नेपाल इन्सुरेन्स कं. लि बाट तोकी पठाएको प्रतिनिधीलाई उक्त रिक्त पदमा नियुक्ती गर्ने सम्बन्धमा संचालक समितिले निर्णय गर्ने जानकारी समेत गराईयो ।”

**१४) प्रस्ताव तथा निर्णय :**

उपरोक्त सहमतिहरु सभामा पढेर सुनाए पश्चात सभा पुनः संचालन भै विषयसूची अनुसार निर्धारित प्रस्ताव उपर छलफल तथा निर्णय गर्ने कार्य अगाडि बढाई निम्न प्रस्तावहरु देहाय अनुसार पारित गर्ने निर्णय भयो ।

**(क) सामान्य प्रस्ताव**

**(१४क.१) वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने :**

बैंकको पन्ध्रौं वार्षिक प्रतिवेदन, संचालक समितिमा भएको हेरफेर लगायत उक्त प्रतिवेदनमा उल्लेखित सम्पूर्ण विषयहरु र लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०६९ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त आर्थिक वर्षको नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणहरु सर्वसम्मतिबाट पारित भयो ।

(१४.क.२) आ.व. २०६९/७० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने :

आ.व. २०६९/७० को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षण शुल्क वापत रु. १,८०,०००/- (अक्षेरुपी एक लाख असी हजार मात्र) तथा अन्य खर्चहरुको शोधभर्ना बैंकको स्वीकृत नियम बमोजिम पाउने गरी लेखापरीक्षकमा श्री सुन्दर एण्ड कम्पनी (सुन्दर मान श्रेष्ठ) चार्टर्ड एकाउन्टेन्टस्लाई नियुक्ति गर्ने सर्व सम्मतिवाट पारित भयो ।

**(१४.क.३) बैंकको नियमावली बमोजिम समूह 'ख' अन्तर्गत सर्वसाधारण शेयरधनीहरु मध्येबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने :**

बैंकको नियमावली बमोजिम समूह 'ख' अन्तर्गत सर्वसाधारण शेयरधनीहरु मध्येबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने कार्यक्रम अनुसार उक्त निर्वाचन कार्य सम्पन्न गर्न बैंकको सञ्चालक समितिले अधिवक्ता श्री लीलामणी पौडेलज्यूलाई बैंकको स्वीकृत सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका २०६१ तथा बैंकको नियमावली अनुसार निर्वाचन कार्य गर्न निर्वाचन अधिकृत नियुक्त गरेको व्यहोरा सभामा जानकारी गराइयो । निर्वाचन अधिकृत श्री पौडेलले यस बैंकको आज हुने पन्ध्रौं बार्षिक साधारण सभामा समूह 'ख' अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्न प्रकाशित निर्वाचन कार्यक्रम अनुसार सञ्चालक निर्वाचनका विषयमा सभालाई जानकारी गराउनु हुदै मतदान स्थान र मतदान समय तोक्नुभयो । सोही अनुसार राती १० वजे मतदान कार्य शुरुभयो र सञ्चालक निर्वाचन निर्देशिका २०६१ अनुसार निर्वाचन कार्य सम्पन्न गरी निम्न उम्मेदवारहरु समूह "ख" शेयरधनीहरुको प्रतिनिधित्व गर्दै सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

| क्र.सं. | नाम, ठेगाना |
|---|---|
| १. | श्री वेदमान सिंह मल्ल, का.जि. का.म.न.पा.-३, महाराजगजं |
| २. | श्री अशोक सम्सेर ज.ब.रा., शेयरधनी श्री निर्मल हाउजिङ्ग डेभलपमेन्ट प्रा.लि., का.जि. का.म.न.पा.-४, बालुवाटार का तर्फबाट |
| ३ | श्री हरि प्रसाद भट्टराई, शेयरधनी श्री बाबा प्यालेस स्टक एक्स्चेन्ज प्रा.लि., का.जि. का.म.न.पा.-४, बालुवाटार का तर्फबाट |

(ख) विशेष प्रस्ताव :

**(१४.ख.१) संचालक समितिबाट सिफारिश भई नेपाल राष्ट बैंकबाट स्वीकृत भए बमोजिम चुक्ता पूँजीको ५% बोनस शेयर जारी गर्ने र सो बोनस शेयरमा लाग्ने कर बापत ०.२६% नगद लाभांश विनियोजन गर्ने बारेको विशेष प्रस्ताव :**

बैंकको पन्ध्रौ वार्षिक साधारण सभामा कायम रहेका शेयरधनीहरुलाई बैकको चुक्ता पूँजीको ५% अर्थात रु. ७ करोड बरावरको बोनस शेयर जारी गर्ने र सो बोनस शेयरमा लाग्ने कर बापत ०.२६% अर्थात रु. ३६,८४,२११/- नगद लाभांश विनियोजन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो । साथै बोनस शेयर जारी गर्दा हुने भिन्न अंश (Fraction) लाई बैंकको शेयर रजिष्ट्रारको राय लिई प्रचलित प्रक्रियालाई अवलम्वन गरी समायोजन गर्ने निर्णय भयो ।

**(१४.ख.२) बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव :**

**अ) पूँजी वृद्धि (प्रस्तावित बोनस शेयर जारी भए पश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम मिलान गर्ने ।)**

बैंकको प्रबन्ध-पत्रको निम्न लिखित दफा संशोधन गर्नुपर्ने कारण सहित संशोधनका लागि सभा समक्ष विशेष प्रस्ताव प्रस्तुत गरियो ।

| दफा | हाल भईरहेको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ५ (ग) | बैंकको तत्काल चुक्ता पूँजी रू. १,४०,००,००,०००/- (अक्षेरुपी रू. एक सय चालिस करोड हुनेछ) । | बैंकको तत्काल चुक्ता पूँजी रू. १,४७,००,००,०००/- (अक्षेरुपी रू. एक अरब सत्चालिस करोड हुनेछ) । | ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव गरिएकोले । |

बैंकको प्रबन्धपत्रमा संशोधनका लागि प्रस्तावित उपरोक्त बमोजिमको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**(आ) बैंकको नियमावलीको नियम ३१.१ (ग), (घ) र (ङ) संशोधन बारेको विशेष प्रस्ताव :**

बैंकको नियमावलीको निम्न लिखित नियमहरु संशोधन गर्नुपर्ने कारण सहित संशोधनका लागि सभा समक्ष विशेष प्रस्ताव प्रस्तुत गरियो ।

| नियम | हाल भईरहेको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| नियम ३१ १ (ग) | सञ्चालक समितिको प्रत्येक वैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने वैठक भत्ता रू.५,०००/- र सञ्चालकले पाउने बैठक भत्ता रू.२,५००/- हुनेछ ।<br>(मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाले सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने वैठक भत्ता रू.१०,०००/- र सञ्चालकले पाउने बैठक भत्ता रू.५,०००/- स्वीकृत गरिसकेको र अभिलेख मात्र हुन बाँकी रहेको) | सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रू.१०,०००/- र संचालकले पाउने वैठक भत्ता रू. ७,०००/- हुनेछ । | मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभामा अध्यक्षले पाउने बैठक भत्ता रू.१०,०००/- र सञ्चालकले पाउने बैठक भत्ता रू.५,०००/- गर्ने गरी समयानुकूल परिवर्तनका लागि प्रस्ताव पेश गरिएको र उक्त साधारण सभाले प्रस्तावित संशोधन स्वीकृत गरे अनुरुप सोही अनुसार सञ्चालक समितिका अध्यक्ष लगायत सदस्यहरुलाई बैठक भत्ता प्रदान गर्दै आएकोमा बैंकको संशोधित प्रबन्धपत्र तथा नियमावलीको अभिलेखका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयले नेपाल राष्ट्र बैंकसंग सामान्य प्रक्रिया अनुसार सहमति माग गरेकोमा मिति २०६६/०९/२६ गते नेपाल राष्ट्र |

| | | | |
|---|---|---|---|
| | | | बैंकले उक्त साधारण सभाबाट संशोधित सञ्चालकको बैठक भत्ता तथा सुविधा अभिलेखका लागि सिफारिश स्वीकृति नदिएकोले हाल समकक्षी अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत सञ्चालकहरुलाई दिदैं आएका बैठक भत्ता तथा सुविधाहरुलाई समेत विश्लेषण गरी सञ्चालकहरुको वैठक भत्ता तथा सुविधा परिमार्जन गर्न आवश्यक देखिएकोले समानुकूल परिवर्तनका लागि चौधौं वार्षिक साधारण सभामा पेश गरिएकोमा उक्त सभाको अनुरोधमा आगामी साधारण सभामा पेश गर्ने भनिए अनुरुप पुनः यो संशोधन प्रस्ताव गरिएको । |
| नियम ३१ १ (घ) | बैंकको कामको सिलसिलामा सञ्चालक तथा अध्यक्षलाई प्रदान गरिने दैनिक भत्ता देहाय बमोजिम हुनेछ ।<br>नेपाल भित्र :<br>(अ) होटल तथा खाना खर्च बिल बमोजिम ।<br>(आ) दैनिक भत्ता रू.५००/- प्रति दिन ।<br>(इ) यातायात टिकट खर्च बिल टिकट बमोजिम ।<br>उपरोक्त बमोजिम भत्ता काठमाडौं उपत्यका बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको बैंठक बस्दा सम्बन्धित ठाउँमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुले समेत पाउने छ ।<br>(मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक | बैंकको कामको सिलसिलामा सञ्चालक तथा अध्यक्षलाई प्रदान गरिने दैनिक भत्ता देहाय बमोजिम हुनेछ ।<br>नेपाल भित्र :<br>(अ) होटल तथा खाना खर्च बिल बमोजिम ।<br>(आ) दैनिक भत्ता रू.२,०००/- प्रति दिन ।<br>(इ) यातायात टिकट खर्च बिल टिकट बमोजिम ।<br>उपरोक्त बमोजिम भत्ता काठमाडौं उपत्यका बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको बैंठक बस्दा सम्बन्धित ठाउँमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुले समेत पाउने छन् । | मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाबाट काठमाडौं उपत्यकमा बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको वैठकमा भाग लिन आउदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको वैठक बस्दा सम्बन्धित ठाँउमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुलाई दैनिक भत्ता रू.२,०००/- पाउने गरी स्वीकृति भए अनुसार उक्त रकम प्रदान गर्दै आएकोमा बैंकको संशोधित प्रबन्धपत्र तथा नियमावलीको अभिलेखका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयले नेपाल राष्ट्र बैंकसंग सामान्य प्रक्रिया अनुसार सहमति माग गरेकोमा मिति २०६६/०९/२६ गते नेपाल राष्ट्र बैंकले उक्त साधारण सभाबाट संशोधित सञ्चालकको सुविधा अभिलेखका लागि सिफारिश स्वीकृति नदिएकोमा हाल समकक्षी अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत सञ्चालकहरुलाई दिदैं आएका दैनिक भत्ता रकमलाई विश्लेषण गरी सञ्चालकहरुको दैनिक भत्ता परिमार्जन गर्न आवश्यक देखिएकोले |

| | | | |
|---|---|---|---|
| | साधारण सभाबाट दैनिक भत्ता वापत अध्यक्ष लगायत सञ्चालकहरुको लागि रू.२,०००/- स्वीकृत गरिसकेको र अभिलेख मात्र हुन बाँकी रहेको) | | समयानुकूल परिवर्तनका लागि चौधौं वार्षिक साधारण सभामा पेश गरिएकोमा उक्त सभाको अनुरोधमा आगामी साधारण सभामा पेश गर्ने भनिए अनुरुप पुनः यो संशोधन प्रस्ताव गरिएको । |
| नियम ३१ १ (ङ) | सञ्चालकहरुले फोन वा मोबाईलको सुविधा पाउने छन् । फोन र मोबाईलको लागि अध्यक्षले मासिक बिल बमोजिम र सञ्चालकहरुले रू.२,५००/- खर्च पाउनेछ । अन्य सुविधाहरु साधारण सभाले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ ।<br><br>(मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको लागि अध्यक्ष लगायत सञ्चालकहरुको मासिक रू.५,०००/- खर्च स्वीकृत गरिसकेको र अभिलेख मात्र हुन बाँकी रहेको) । | सञ्चालकहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको सुविधा पाउने छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको लागि अध्यक्ष लगायत सञ्चालकहरुले मासिक रू.१०,०००/- खर्च पाउनेछन् । अन्य सुविधाहरु साधारण सभाले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ । | मिति २०६५/०८/२८ गते बसेको एघारौं वार्षिक साधारण सभाबाट अध्यक्ष लगायत सञ्चालकले मासिक रू.५,०००/- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको लागि पाउने गरी स्वीकृति भए अनुसार उक्त रकम प्रदान गर्दै आएकोमा बैंकको संशोधित प्रबन्धपत्र तथा नियमावलीको अभिलेखका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयले नेपाल राष्ट्र बैंकसंग सामान्य प्रक्रिया अनुसार सहमति माग गरेकोमा मिति २०६६/०९/२६ गते नेपाल राष्ट्र बैंकले उक्त साधारण सभाबाट संशोधित सञ्चालकको सुविधा अभिलेखका लागि सिफारिश स्वीकृति नदिएकोमा हाल समकक्षी अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत सञ्चालकहरुलाई दिदैं आएका सुविधाहरुलाई विश्लेषण गरी सञ्चालकहरुको सुविधा परिमार्जन गर्न आवश्यक देखिएकोले समयानुकूल परिवर्तनका लागि चौधौं वार्षिक साधारण सभामा पेश गरिएकोमा उक्त सभाको अनुरोधमा आगामी साधारण सभामा पेश गर्ने भनिए अनुरुप पुनः यो संशोधन प्रस्ताव गरिएको । |
| नियम ३१ १ (च) | नभएको । | सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको लागि रू.५,००,०००/-को औषधोपचार बीमा गरिने छ । | बैंक तथा वित्तीय संस्थाहरुले समेत सञ्चालकहरुलाई दिदैं आएका सुविधाहरुलाई विश्लेषण गरी सञ्चालकहरुको सुविधा परिमार्जन गर्न आवश्यक देखिएकोले । |

बैंकको नियमावलीमा संशोधनका लागि प्रस्तावित उपरोक्त बमोजिमको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**(१४.ख.३) नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. तथा अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्ज) सम्बन्धी विशेष प्रस्ताव ।**

अ. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्न र गाभिन (मर्जर गर्न) सञ्चालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरी सो समितिले वा सञ्चालक समितिले नै सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अगाडि बढाउन साधारण सभाबाट संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभामा पेश गरिएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मत पारित गर्‍यो ।

आ. नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्वन्धी विनीयमावली, २०६८ मा तोकिए बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने सम्बन्धी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी हस्तान्तरण गर्ने विशेष प्रस्ताव सभामा पेश गरिएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मत पारित गर्‍यो ।

साथै बैंक मर्ज गर्ने सम्बन्धमा गठन हुने मर्जर कमिटिमा शेयरधनीहरुको तर्फबाट आमन्त्रित प्रतिनिधिका रुपमा श्री निर्मल प्रधानज्यूलाई आमन्त्रण गरिने अध्यक्षज्यूबाट सभालाई जानकारी गराउनु भयो ।

**(१४.ख.४) बैंकको प्रवन्ध पत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंकले फेर बदल गरेमा आवश्यक समायोजन गर्न संचालक समिति (वा समितिले तोकेको ब्यक्ति) लाई अधिकार दिने ।**

बैंकको पन्ध्रौं वार्षिक साधारणसभामा संशोधनका लागि प्रस्तावित भई पारित भएको संशोधित प्रबन्धपत्र तथा नियमावलीमा नेपाल राष्ट्र बैंक तथा नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयबाट कानून बमोजिम हेरफेर, संशोधन वा परिमार्जन गर्न आवश्यक परेमा सो गर्नका लागि बैंकका सञ्चालक समिति वा समितिले तोकेको ब्यक्ति लाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

बैंकको प्रवन्ध पत्र संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुंदा श्री निर्मल प्रधानज्यूले आफूले संस्थापक शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालकको संख्या ५ बाट घटाई ४ कायम गर्ने गरी कम्पनी ऐनमा भएको ब्यवस्था अनुसार १० प्रतिशत भन्दा बढी शेयर प्रतिनिधित्व गर्ने शेयरधनीबाट माग भएकोमा सो निर्णय हुनुपर्ने र नभए साधारणसभा अगाडि बढ्न नदिने भनी अवरोध गर्नुभयो । तत् सम्बन्धमा अध्यक्षज्यूले श्री नरेन्द्र भट्टराईज्यूलाई यस सम्बन्धमा बोल्न समय दिनुभयो र श्री नरेन्द्र भट्टराईज्यूले श्री निर्मल प्रधानज्यूले उठाउनु भएको विषय कानूनमा भएको ब्यवस्था रहेको तर वार्षिक साधारण सभामा छलफल र निर्णय हुने विषय संचालक समितिले तोकेको र सार्वजनिक गरेको विषय मात्र हुनसक्ने हुंदा सो सम्बन्धमा यस साधारण सभाले निर्णय गर्न नमिल्ने भनी आफ्नो राय दिनुभयो ।

अध्यक्षज्यूले शेयरधनीहरुले दिनुभएको यस सम्बन्धी निवेदन उपर संचालक समितिमा छलफल भएको जानकारी गराउदै यो विषय अन्य संस्थापक शेयरधनीहरु एवम् नियामक निकायसंग समेत छलफल गरी कानूनी रुपबाट अगाडि बढाउने आश्वासन दिनुभयो ।

(१५) यस वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा दस्तखत गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७५ अनुसार गर्ने निर्णय गरियो ।

(१६) **सभा विसर्जन :**

तत्पश्चात् सभापतिज्यूले यस साधारणसभा सफल पार्न सहयोग गर्ने शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, बैंकका सञ्चालकज्यूहरु, निर्वाचन अधिकृत, व्यवस्थापन तथा सम्बद्ध सबैलाई सहयोगको लागि आभार व्यक्त गर्नुभयो र सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

द.

(रमेश राज अर्याल)
कम्पनी सचिव

द.

(पृथ्वीराज लिगल)
अध्यक्ष
तथा
सभाका सभापति